# प्रदेश सभा

# सामाजिक विकास समिति

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**बैठक संख्याः१२**

**मितिः२०८०।०६।३०**

## छलफल तथा निर्णय

निर्णय १

यस समितिबाट मिति २०८०।०६।२४ गते बोलपत्र आह्वान प्रक्रिया सम्बन्धमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढी, कैलालीलाई सोधिएका प्रश्नहरुको जवाफ सहित मिति २०८०।०६।३० गते बसेको यस समितिको बैठकमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीका नि.निर्देशक स्वंय उपस्थित भई दिएको जवाफ चित्त बुझ्दो नभएको र निजले बोलपत्र आह्वान सम्बन्धमा प्रक्रिया कमीकमजोरी भएको स्वीकार गरेको, विज्ञले समितिमा पेश गरेको प्रतिबेदनमा उल्लेखित खरिद प्रक्रिया पुऱ्याइएको नदेखिएको र बोलपत्र आह्वान पक्रिया समेत आपूर्ति केन्द्रबाट रद्द गरिएको हुँदा अब उप्रान्त यस्ता किसिमका क्रियाकलाप नगर्न/नगराउन र खरिद सम्बन्धी कामकारवाही गर्दा प्रचलित ऐन, कानून बमोजिमको रित पुऱ्याइ गर्न गराउन हुन सामाजिक विकास मन्त्रालय र मन्त्रालयले प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीलाई निर्देशन दिने निर्णय गरियो ।